# 多言語情報コーナー　　　　　　　　　　（令和５年　４月号）

**१.सन् २०२३ अप्रिल महिना देखिको अतिरिक्त समयमा खुल्ने काउण्टरहरु बारे जानकारी !**

तोचिगी नगरमा, नागरिकहरूले बारम्बार प्रयोग गर्ने काउण्टरहरुको खुल्ने समय विस्तार गरिएको छ तर अप्रिल महिनादेखि, शियाकुस्यो प्रधान कार्यालय प्रत्येक हप्ताको बुधबार र प्रत्येक सोउगोउ शिस्यो चाँहीं दोश्रो बुधबार भन्दा खुल्ने दिन फरक रहने छ। अनि, निशिकाता सोउगोउ शिस्योमा, अग्रिम आरक्षण नगरेर पनि जान सकिने भएको छ।

खुल्ने काउण्टरहरुमा, शियाकुस्यो प्रधान कार्यालयको सिमिन् सेइकाचु-का, होकेन नेन्किन-का, जेइमु-का (कर मामिला शाखा)

र प्रत्येक सोउगोउ शिस्यो चिइकी जुकुरी सुईसिन-का (क्षेत्रीय विकास प्रवर्द्धन शाखा) रहेकाछन्।

संचालन गरिने सेवाहरुमा, सिमिन् सेइकाचु-का र प्रत्येक सोउगोउ शिस्यो चिइकी जुकुरी सुईसिन-का (क्षेत्रीय विकास प्रवर्द्धन शाखा) चाँहीं, ज्युउमिन्ह्यो (निवास कार्ड) को प्रतिलिपी, कोसेकीतोउश्योउहोन् (परिवार दर्ता सम्बन्धि) जारी, निवास स्थानांतरण सूचनाको दर्ता, माईनम्बर कार्ड जारी गर्ने कामहरु आदि रहेकाछन्।

होकेन् नेन्किन-का (स्वास्थ्य बीमा र पेन्सन शाखा) र प्रत्येक सोउगोउ शिस्यो चिइकी जुकुरी सुईसिन-का (क्षेत्रीय विकास प्रवर्द्धन शाखा) चाँहीं, राष्ट्रिय स्वास्थ्य बीमा योग्यताहरू प्राप्त गर्न र गुमाउन सम्बन्धि कामका लागि हुन्।

जेइमु-का (कर मामिला शाखा) र प्रत्येक सोउगोउ शिस्यो चिइकी जुकुरी सुईसिन-का (क्षेत्रीय विकास प्रवर्द्धन शाखा) को चाँहीं, कर भुक्तानी प्रमाणपत्र, आय प्रमाणपत्र, कर सम्बन्धि प्रमाणपत्र र कर छूट प्रमाणपत्रहरु जारी गर्ने काम हो।

थप रूपमा, नगर कर आदिको भुक्तानी अथवा भुक्तानी स्लिपहरु पुन: जारी गर्ने कामहरु गरिने छैन।

खुल्ने समय बेलुकी ५:१५ बजे देखि ७ बजे सम्म रहेको छ।

कृपया, उपरोक्त समयको सदुपयोग गर्नुहोला।

**२.राष्ट्रिय पेंसन प्रिमियम (शुल्क) बारे जानकारी !**

राष्ट्रिय पेंसन शुल्क प्रत्येक वर्ष संशोधन गरिन्छ। सन् 2023 मा, मासिक शुल्क 16,520 येन क़ायम भएकोछ। नगद भुक्तानी गरिरहनु भएका व्यक्तिहरुलाई, अप्रिल महिनाको पहिलो भागमा जापान पेन्सन सेवाबाट भुक्तानी स्लिप प्राप्त गर्नुहुनेछ। हरेक महिनाको मासिक शुल्क, कृपया अर्को महिनाको अन्तिम दिन सम्ममा भुक्तानी गर्नुहोला।
राष्ट्रिय पेंसनमा, जापान देश भित्र बस्ने २० बर्ष देखि लिएर ६० बर्षको उमेर सम्म, जाईर्युउ कार्ड (निवास कार्ड) वहन गर्ने व्यक्तिहरु, विदेशी नागरिकहरु पनि सम्मिलित हुन अनिवार्य छ।
१० वर्षभन्दा बढी समय सम्म राष्ट्रिय पेंसन शुल्क तिरेका व्यक्तिहरूलाई पेन्सन दिइनेछ।
यदि तपाई बीचमा आफ्नो देश फर्कनुभयो भने, तपाईंले पेंसन शुल्क रकम निकासी भुक्तानीको प्रक्रिया पूरा गरेर पेंसन शुल्क तिरेको अवधि अनुसार एउटा निश्चित रकम फिर्ता आऊँछ।
थप रूपमा, यदि तपाइँ एक विद्यार्थी हुनुहुन्छ र तपाइँको आम्दानी एक निश्चित स्तर भन्दा कम छ भने, आवेदन गरेर तपाइँको राष्ट्रिय पेन्सन शुल्कको भुक्तानी स्थगित गर्न सक्नुहुन्छ। यो सुविधामा अन्तर्राष्ट्रिय विद्यार्थीहरू पनि योग्य छन्।
आवेदन दिन चाहनेहरूले, जापान पेन्सन सेवाबाट पठाइएको भुक्तानी स्लिप आदि आधारभूत पेन्सन नम्बर खुलाउने कागजात वा माईनम्बर कार्ड मध्ये कुनै एक, र विद्यार्थी परिचयपत्र वा विध्यालयमा भर्ना भएको प्रमाणपत्र मध्ये कुनै एक साथमा  लिएर, शियाकुस्यो प्रधान कार्यालयको होकेन् नेन्किन-का साथै प्रत्येक सोउगोउ शिस्योको काउण्टरमा सम्पर्क गर्नुहोला।
सन् **2022** सालमा विद्यार्थीहरूका लागि विशेष भुक्तानीको अनुमति पाएर, सन् **2023** मा पनि विद्यालय जान जारी राख्ने योजना भएकाहरूका लागि, अप्रिल महिनाको शुरू तिर जापान पेन्सन सेवाले विद्यार्थीहरूको लागि पोस्टकार्ड ढाँचामा विशेष भुक्तानीको लागि आवेदन फारम पठाउनेछ। यदि तपाईंले यसलाई फिर्ता गर्नुभयो भने, सम्बन्धित काउण्टरमा गई आवेदन दिन आवश्यक छैन।

**३.तोचिगी सिभिल इन्जिनियरिङ वर्क्स कार्यालय बाटको जानकारी !**

तोचिगी नगर यामातोच्योउको प्रान्तीय सड़क सानो लाईनको सड़कलाई, बिजुलीको खंबा र तार बिनाको सड़क बनाउने योजना अनुसार सड़क सुधार कार्य संचालन हुने भएकोछ। सुधार कार्य खण्डमा पर्ने यामातोच्योउ चोक देखि कोउराई पुल सम्मको, बुझन सजिलो गरि भन्दा, आशिकागा बैंक तोचिगी शाखा र स्टारबक्स भएको चोकबाट कोउराई पुल सम्मको १८० मिटर खण्ड, सन् २०२३ साल मार्च मसांत देखि, एकतर्फ़ी वैकल्पिक यातायात आदि नियम लागू गरिनेछ। केहि बर्ष लाग्ने सुधार कार्यले गर्दा, लामो समय सम्म यातायात नियम लागू हुने हुनाले, यो भागको सड़क प्रयोग कर्ताहरु सबैको असुविधाको लागि खेद प्रकट गर्दै, यहाँहरु सबैको समझदारी र सहयोगको लागि अनुरोध गरिन्छ ।

यस बाहेक, प्रथम श्रेणीको नदी नागानो नदी प्रकोप पुनर्स्थापना अनुदान परियोजनाको साथमा, तोचिगी नगर ओहिरामाचि एनोमोतो जिल्ला, नगर सड़क २०९८ नम्बर लाईन (योँउमेई पुल) को पुल प्रतिस्थापन निर्माण कार्य गरिनेछ।

निर्माण कार्य अवधि, सन् २०२३ साल अप्रिल महिना देखि सन् २०२६ सालको मार्च सम्मको ३ बर्ष ज़ति चल्ने योजना भएको, र उक्त अवधिमा पुरै दिनहरुको लागि यातायात बन्द रहनेछ। गाड़ी, साइकल देखि पैदल यात्रीहरुको पनि यातायात बन्द हुने हुनाले, अर्को वैकल्पिक बाटो प्रयोग गर्न हुन अनुरोध गरिन्छ।

स्थानीय बासिन्दा तथा योँउमेई पुल प्रयोग गर्ने सबैलाई पर्ने असुविधा लागि खेद प्रकट गर्दै, यहाँहरु सबैको समझदारी र सहयोगको लागि अनुरोध गरिन्छ ।